# स्थानीय तहको आर्थिक ऐन

लोमन्थाङ गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः लोमन्थाङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लोमन्थाङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि लोमन्थाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत):गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर बहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कबाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

Scanned with CamScanner

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११ पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसुचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्यापटीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६ कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

Scanned with CamScanner

अनुसुचि १
सम्पति कर

- घर जग्गा कर
  - सामान्य खालको आवाशीय घरको लागि — रू. ५०
  - मध्यम खालको आवाशीय घरको लागि — रू. १००
  - व्यवसायीक घरको लागि — रू. २००

अनुसुचि २

भूमि कर (मालपोत):
न्युनतम (१ रोपनी) रू ५०.०० र १ रोपनि भन्दामाथि प्रति रोपनि रू ५०.०० का दरले गुणा गरी संकलन गर्ने

अनुसुचि ३
घर बहाल कर
स्व घोषणाको आधारमा भाडा लगाएको रकमको २ प्रतिशत

अनुसुचि ४
व्यवसाय कर

1. २० कोठा र सोभन्दा बढि भएका होटलहरू — रू. १५०००
2. १० देखि १९ कोठासम्म भएका होटलहरू — रू. ७५००
3. ६ देखि १० कोठासम्म भएका होटलहरू — रू. ३०००
4. होलसेल किराना पसलहरू — रू. १००००
5. किराना पसलहरू — रू. ५०००
6. सोभिएनेर पसल — रू. ५०००
7. चियापसल, रेष्टुरेण्ट, खुद्रा पसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै साना व्यवसायहरू रू.३०००
8. ब्लक उद्योग, ग्यारेज, शोरुम, ग्रिल उद्योग — रू. ३०००
9. फर्निचर उद्योगहरू — रू. ४०००
10. प्रेसर, कुटानी पिसानी मिलहरू — रू. १००००

ii. भेडा, च्याङ्ग्रा आदि प्रति गोठ... — रू. २०००
iii. याक, चौरी आदि प्रति गोठ — रू. ३०००
iv. घोडा प्रति वटा — रू. १००
v. स्याउ, आलु खेति प्रति रोपनिका दरले — रू. ३००

अनुसुचि ५

जडिबुटी, कवाडी र जीवजन्तु कर

सम्भाव्यता अध्ययन गरी गाउँसभाले निर्णय गरेबमोजिम हुने ।

अनुसुचि ६

सवारी साधन कर

- एक्सभेटर (चेन भएको) रु. १००००
- जे.सि.वी. (टायर भएको) रु. ५०००
- ट्रक, टिप्पर, बस रु. ३०००
- जीप (हरियो र कालो प्लेट भएको) रु. २०००
- ट्र्याक्टर रु. १५००

अनुसुचि ७

विज्ञापन कर

सम्भाव्यता अध्ययन गरी गाउँसभाले निर्णय गरेबमोजिम हुने ।

अनुसुचि ८

मनोरन्जन कर

(गाउँपालिकाको क्षेत्रभित्र चलचित्र, डकुमेन्ट्रि, भिडियो छायाँकन गरे वापत)

- स्वदेशि छायाँकन रु. ५०००
- विदेशि छायाँकन रु. १००००

अनुसुचि ९

वहाल विटौरी शुल्क

सम्भाव्यता अध्ययन गरी गाउँसभाले निर्णय गरेबमोजिम हुने ।

अनुसुचि १०

पार्किङ शुल्क

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सवारी साधन पार्किङ गर्ने स्थानको व्यवस्थापन गरे पश्चात तपशिल बमोजिमको कर संकलन गर्ने।
  - २४ घण्टासम्मको पर्किङ्गको लागि
    - ट्रक, बस, ट्र्याक्टर, डोजर, लोडर आदि रु. ३०
    - जीप, कार, भ्यान रु. २०
    - मोटर साइकल रु. १०
  - पटके सवारी कर (छोटो समयको लागि पार्किङ गरे बापत)
    - ट्रक, बस, ट्र्याक्टर, डोजर, लोडर आदि रु. २०
    - जीप, कार, भ्यान रु. १०
    - मोटरसाइकल रु. ५

Scanned with CamScanner

अनुसूचि ११

ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र न्याफ्टीङ शुल्क सम्भाव्यता अध्ययन गरी गाउँसभाले निर्णय गरेबमोजिम हुने ।

अनुसुचि १२

सेवा शुल्क दस्तुर

| | |
|---|---|
| सिफारिस/निवेदन दस्तुर | प्रति सिफारिस रू १०० |
| सूचना प्रवाह कर | सिडी ५०, डिभिडी १००, प्रति पेज रू [illegible] |
| टेण्डर बिक्रि | नियमानुसार |
| आय प्रमाणित | ०.०५% |
| सम्पत्ती मूल्याङ्कन | ०.०२५% |
| नक्सा पास बापत | प्रति स्क्वायर फिट रू ५ को दरले |

अनुसुचि १३

केन्द्र सरकारको नियमानुसार हुने